संविधानसभा सचिवालय

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

INTERNATIONAL IDEA INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

UNDP

नेपाल कानून समाज, इन्टरनेशनल आइडिया र यूएनडीपी

# संविधान सूचना केन्द्र बारे सङ्क्षिप्त जानकारी

(संविधानसभा सचिवालयसँगको सहकार्यमा संविधान सम्बन्धी सूचनाहरू बारे आमनागरिकको जानकारीका लागि सूचना केन्द्रको स्थापना)

## १. नेपाल कानून समाज, इन्टरनेसनल आइडिया र यूएनडीपी बारे

नेपाल कानून समाजले विगत तीस वर्षदेखि कानूनी शासन, मानव अधिकार, सुशासन, स्वतन्त्र एवं सक्षम न्यायपालिका जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत सक्रियता देखाउँदै आएको छ । समाजले संविधान निर्माणका विभिन्न सवालहरूमा पनि समय-समयमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । नेपालमा हाल संविधानसभा मार्फत संविधान निर्माण गर्ने कार्यमा सबै पक्ष जुटिरहेका सन्दर्भमा समाजले पनि संविधान निर्माण प्रक्रियामा सहयोग पुर्‍याउनु आफ्नो महत्वपूर्ण कर्तव्य ठानी विविध कार्यक्रम मार्फत निरन्तरता दिइरहेकै छ ।

नेपालमा कार्यरत इन्टरनेसनल आइडिया विश्वमा लोकतन्त्र र निर्वाचन सम्बन्धी सहयोगका लागि स्थापित अन्तरसरकारी संस्था हो । यसले विगत छ वर्षदेखि नेपालमा विभिन्न लोकतान्त्रिक मूल्य र मान्यतामा सहयोग पुर्‍याउँदै आएको छ भने वर्तमान संविधान निर्माण प्रक्रियामा पनि सुरूदेखि नै सहयोग गरिरहेको छ । नेपाल कानून समाज र इन्टरनेसनल आइडियाले संविधानसभा सचिवालयको सहकार्यमा संविधानसभा मार्फत संविधान निर्माण कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले संविधानसभाका सदस्य र सचिवालयका जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम लगायत जनताको अभिमत संकलन, संविधानको मस्यौदा बारे प्रशिक्षण, कार्यशाला, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम स्वदेशी तथा विदेशी विज्ञहरूको सहभागितामा सञ्चालन गर्दै आएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) ले अन्तर्राष्ट्रिय समुदायसँगको बृहत् सहकार्यमा नेपालको संविधान निर्माण प्रक्रियामा सन् २००६ को नोभेम्बरदेखि विभिन्न कार्यक्रम मार्फत सहयोग गर्दै आएको छ । यस कार्यक्रमलाई केन्द्रदेखि गाउँस्तर सम्म पुर्‍याउने उद्देश्यले विभिन्न कार्यक्रम मार्फत सबै सरोकारवालाहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । संविधानलाई लोकतान्त्रिक, समावेशी, सहभागितामूलक बनाउने उद्देश्यले नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग ( एसपीसीबीएन) यूएनडीपी अन्तर्गत नेपालका १८ वटा गैरसरकारी संस्थाहरू मार्फत नेपालका २४० वटै निर्वाचन क्षेत्रका सम्पूर्ण गाउँ विकास समिति र नगरपालिकामा लोकतान्त्रिक सम्वाद कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस परियोजनाले संवैधानिक संवाद केन्द्र (सीसीडी) मार्फत संविधानसभा सदस्यहरू तथा नागरिक समाज दुबैका लागि संवैधानिक विषयहरूसँग सम्बन्धित विभिन्न स्तरका ज्ञानवर्द्धक, सूचनामूलक तथा उपायोगी विषयगत तथा समसामयिक कार्यशाला, गोष्ठी, विशेषज्ञ प्रवचन, सल्लाह र अन्तरक्रिया कार्यक्रम नियमित रूपमा आयोजना गर्दछ ।

## २. संविधान सूचना केन्द्र बारे

संविधानसभा नियमावली, २०६५ ले संविधानसभाका क्रियाकलापहरू आमनागरिकमा छलफलका लागि लैजाने र संविधान निर्माण प्रक्रियामा जीवन्त छलफल चलाउने विषयलाई प्रवर्द्धन गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ । जसका लागि संविधानसभाले तीन वटा प्रकृयागत समितिहरू- नागरिक सम्बन्ध समिति, जनमत संकलन तथा समन्वय समिति र क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति गठन गरेको छ । संविधानसभा नियमावली, २०६५ ले नागरिक सम्बन्ध समितिलाई संविधानसभामा आम नागरिकको सहज पहुँचको संयन्त्र निर्माण र सो को कार्यान्वयन गर्ने, संविधानसभा, संविधान निर्माण प्रक्रिया र यसको नियमित क्रियाकलाप बारे प्रभावकारी सूचना संप्रेषणको व्यवस्था र अन्य सहयोगीहरूसँग समन्वय गर्ने, संविधानसभा, संविधान निर्माण प्रक्रिया र यसको नियमित क्रियाकलाप बारे सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सङ्घ, संस्था, नागरिक समाज र सञ्चार माध्यमबाट सञ्चालित सम्पूर्ण गतिविधिहरूको अनुगमन र मूल्याङ्कन गर्ने, नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रक्रियाबारे जानकारी गराउने र मिडिया सेन्टरको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । जनमत संकलन तथा समन्वय समितिलाई मुख्य रूपमा- संविधानको मस्यौदा माथि जनमत एवम् सुझाव संकलन गर्ने विभिन्न सञ्चार माध्यमबाट मस्यौदाको प्रचार-प्रसार गर्ने, संविधानको मस्यौदा माथि सार्वजनिक सुनुवाई गर्ने, गराउने, गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, विभिन्न माध्यम मार्फत स्वदेश वा विदेशबाट व्यक्तिगत वा संस्थागत रूपमा प्राप्त सुझावहरूको अभिलेख राख्ने, व्यवस्थापन गर्ने र सुझावहरूको प्रतिवेदन तयार पारी सभामा पेश गर्ने जिम्मेवारी प्रदान गरिएको छ।

नेपाल कानून समाज, इन्टरनेसनल आइडिया र यूएनडीपीले माथि उल्लिखित समितिहरू र सचिवालयका पदाधिकारीहरूसँग समय-समयमा छलफल गरी सहमति भएको आधारमा नागरिक सम्बन्ध समिति र जनमत संकलन तथा समन्वय समितिको कार्यलाई सहयोग गर्ने उद्देश्यले देशका विभिन्न अञ्चलमा संविधान सूचना केन्द्र स्थापना गरिएको छ । संविधानसभा र संविधान निर्माण प्रकृयाका सम्बन्धमा आमजनताले सहज रूपमा सूचना प्राप्त गरून भन्ने उद्देश्य उक्त सूचना केन्द्रले राखेको छ ।

संविधान सूचना केन्द्रले नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन तथा समन्वय समितिसँग समन्वय गरी जिल्लाहरूमा विभिन्न कार्यक्रम सञ्चालन गरी सूचना प्रवाह गर्नेछ । संविधानसभाबाट संविधानको पहिलो मस्यौदा आउनु भन्दा अघि यी सूचना केन्द्रहरूले नागरिक सम्बन्ध समितिलाई सूचनाको प्रचार-प्रसार गर्न सहयोग पुऱ्याउने छन् र संविधानको पहिलो मस्यौदा राजपत्रमा प्रकाशित भएपछि जनमत सङ्कलन तथा समन्वय समितिलाई जनमत सङ्कलन गर्न सहयोग पुऱ्याउने छन् ।

यस्ता कार्यबाट संविधानसभाले संविधान लेखन प्रकृयामा हालसम्म प्राप्त गरेका उपलब्धी र आगामी प्रकृयाका वारेमा समेत आमजनतालाई जानकारी प्रदान गर्न उपयोगी हुने विश्वास सूचना केन्द्रले लिएको छ । दोश्रो चरणको सार्वजनिक छलफल र सुझाव सङ्कलन गर्न, संविधानसभाबाट संविधान निर्माण हुने बारे जनताको आत्मविश्वास बढाउन धेरै हद सम्म यस सूचना केन्द्रले सहयोग पुऱ्याउने अपेक्षा गरेको छ । यी सूचना केन्द्रहरूले अन्य साझेदारहरूद्वारा आयोजना गरिने छलफलका लागि समेत मञ्च उपलब्ध गराउन सक्नेछन् ।

त्यसैले संविधानसभा र यस सम्बन्धी विभिन्न विषयमा उपयुक्त किसिमले सूचना प्रवाह गर्नको लागि हाल १४ वटा अञ्चलमा केही जनशक्ति सहित सूचना केन्द्रहरू स्थापना गरिएका छन् । प्रस्तावित नयाँ सङ्घीय ढाँचालाई अन्तिम रूप दिन समय लाग्ने देखिएकोले वर्तमान प्रशासनिक ढाँचा भित्रै रहेर अञ्चल र जिल्लाको चयन गरिएको छ ।

सूचना केन्द्रका जनशक्ति मार्फत प्रस्तावित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छन् । सूचना केन्द्रहरूमा पुस्तकालय सुविधा लगायत अन्य आवश्यक सामाग्रीहरूको व्यवस्था गरिएको छ र संविधानसभाबाट समय-समयमा प्राप्त हुने विभिन्न सामग्रीहरू पनि राखिने छन् । सूचना केन्द्रहरूद्वारा सञ्चालन गरिने कार्यक्रमहरूका लागि लक्षित समुहको रूपमा संविधान निर्माण प्रकृया प्रति चासो राख्ने नागरिकलाई समावेश गराइनेछ । यस सूचना केन्द्रले संविधानसभाका सभासद्हरू र नागरिकलाई दोस्रो चरणको सुझाव सङ्कलनमा आधार निर्माण गर्नमा विशेष सहयोग पुऱ्याउने अपेक्षा गरेको छ ।

## ३. संविधान सूचना केन्द्रको उद्देश्य

- नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन तथा समन्वय समितिको उद्देश्य कार्यान्वयन गर्न आवश्यक सहयोग पुऱ्याउने,
- संविधान निर्माण प्रक्रियामा सभासदहरूको योगदान माथि प्रकाश पार्दै संविधानसभा प्रति जनसाधारणको विश्वास अभिवृद्धि गर्ने,
- संविधानसभाका ११ वटै विषयगत समितिका अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदाका आधारभूत विशेषताहरू बारे सूचना प्रवाह गर्ने,
- जिल्ला र स्थानीय स्तरका सरोकारवालाहरूका लागि संविधानसभाको गतिविधि बारे अद्यावधिक सूचना प्रवाह गर्ने,
- राजनीतिक दल र सभासद्ले उठाएका संविधानका मुख्य मुद्दाहरू बारे विचार आदान प्रदान गर्ने,
- सरोकारवालाहरूबाट संवैधानिक मुद्दाका सम्बन्धमा सल्लाह सुझाव सङ्कलन गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने,
- मस्यौदा संविधानका लागि उपयोगी सल्लाह सुझाव दिन सकुन भन्ने उद्देश्यले जिल्ला र स्थानीय सरोकारवालाहरूलाई सक्रिय बनाउने,
- मस्यौदा संविधान राजपत्रमा प्रकाशित भएपछि जनमत सङ्कलन तथा समन्वय समितिसँग सहकार्य गरी नागरिकको सुझाव सङ्कलनमा सहयोग पुऱ्याउने ।

## ४. संविधान सूचना केन्द्र स्थापना

| क्र.सं. | अञ्चल | जिल्ला | क्र.सं. | अञ्चल | जिल्ला |
|---|---|---|---|---|---|
| १. | मेची | इलाम | ८. | सेती | कैलाली |
| २. | कोशी | मोरङ | ९. | सगरमाथा | सप्तरी |
| ३. | जनकपुर | धनुषा | १०. | बाग्मती | नुवाकोट |
| ४. | नारायणी | चितवन | ११. | लुम्बिनी | पाल्पा |
| ५. | गण्डकी | कास्की | १२. | राप्ती | दाङ |
| ६. | भेरी | बाँके | १३. | धौलागिरी | बाग्लुङ |
| ७. | कर्णाली | जुम्ला | १४. | महाकाली | कञ्चनपुर |

## ५. संविधानसभाका विषयगत समितिहरू

१. संवैधानिक समिति
२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति
४. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति
५. व्यवस्थापिकीय अङ्को स्वरूप निर्धारण समिति
६. राज्यको शासकीय स्वरूप निर्धारण समिति
७. न्याय प्रणाली सम्बन्धी समिति
८. संवैधानिक निकायको संरचना निर्धारण समिति
९. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति
१०. सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
११. राष्ट्रिय हितको संरक्षण समिति

## ६. सूचना केन्द्रको लक्षित समूहहरू

| जिल्लातह | स्थानीयतह |
|---|---|
| - राजनीतिक दलहरूका नेता तथा कार्यकर्ताहरू<br>पेशागत सङ्घ/सङ्घठनहरूका सदस्यहरू (कानून व्यवसायी, उद्यमी, प्राध्यापक, शिक्षक, पत्रकार, डाक्टर, इन्जिनियर आदि)<br>- नागरिक समाजका सदस्यहरू<br>- जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरू<br>- स्वतन्त्र बुद्धिजीविहरू | - जनजाति, मधेशी, दलित, महिला, सीमान्तकृत समुदाय र पिछडिएका वर्गहरू<br>- सामुदायिक संस्थाका अगुवा र सदस्यहरू<br>- नागरिक समाजका अगुवा सदस्यहरू<br>- शिक्षकहरू<br>- राजनीतिक दलका नेता र सदस्यहरू |

## ७. कार्यक्रम सञ्चालन प्रक्रिया

१. प्रत्येक सूचना केन्द्रले महिनाको शुरूमा प्रस्तावित कार्यक्रम नेपाल कानून समाजमा पठाउने छ । समाजले छलफल गरी स्वीकृत प्रदान गरेपछि सूचना केन्द्रले जिल्ला र गाउँमा कार्यक्रम सञ्चालन गर्नेछ,
२. सूचना केन्द्रका जनशक्तिका लागि समय-समयमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिने छ,
३. जिल्ला र स्थानीय स्तरका सरोकारवालाहरूको विस्तृत अध्ययनका लागि पुस्तकालयको स्थापना गरिएको छ । जसमा संविधानसभाको विषयगत समितिको प्रतिवेदनहरू, नेपाल कानून समाज, इन्टरनेशनल आइडिया र यूएनडीपीको प्रकाशनहरू राखिएको छ । उक्त पुस्तकालय विहान १० बजेदेखि ४ बजेसम्म खुला गरिने छ,
४. संविधानसभा सम्बन्धी सूचना र दस्तावेजहरू सÎलन गरी सूचना केन्द्रलाई अद्यावधिक गरिने छ,
५. समय-समयमा स्थानीय सरोकारवालाहरूसँग बैठक गरी संविधान सूचना केन्द्रबारे जानकारी प्रदान गर्ने छ,
६. जिल्लास्तरीय सरोकारवालाहरूका लागि प्रत्येक महिनामा ३ वटा छलफल कार्यक्रम आयोजना गरी अवधारणापत्रको विशेषता र संविधानका सवालहरू बारे जानकारी प्रदान गरिने छ,
७. स्थानीयस्तरका सरोकारवालाहरूका लागि प्रत्येक महिनामा ३ वटा विभिन्न स्थानमा छलफल कार्यक्रम आयोजना तथा दस्तावेज र अन्य सूचनाको अद्यावधिक जानकारी प्रदान गरिने छ,
८. संविधानसभा र संविधान निर्माण प्रकृयावारे सूचना प्रदान गर्न विभिन्न स्थानहरू (स्कूल, कलेज, समुदाय आदि) मा छलफल कार्यक्रमहरू आयोजना गरिने छन्,
९. जिल्ला तथा स्थानीय स्तरका सरोकारवालाहरूबाट प्राप्त सल्लाह, सुझाव वा अन्य लिखित दस्तावेजहरू सÎलन गरी जनमत सÎलनका लागि जिल्लामा आउने संविधानसभाको टोलीलाई हस्तान्तरण गरिने छ,
१०. संविधानसभाको जनमत सÎलन तथा समन्वय समिति र नागरिक सम्बन्ध समितिका सदस्यहरूले सभासद्को हैसियतमा सूचना केन्द्रको गतिविधिलाई अनुगमन गर्ने र छलफल कार्यक्रममा सहभागी हुने छन्,
११. जिल्ला र स्थानीय स्तरका सरोकारवालाहरूको विस्तृत सुझाव संविधानसभाको संवैधानिक समितिलाई हस्तान्तरण गरिनेछ ।

## ८. सूचना केन्द्रहरूको हालसम्म सम्पन्न कार्यक्रमहरू

| | | कार्यक्रम | | | सहभागी | | | | सहभागी प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | जिल्लास्तरीय | स्थानीयस्तर | जम्मा | महिला | पुरूष | तेस्रो लिङ्गी | जम्मा | महिला | पुरूष | तेस्रो लिङ्गी |
| १ | मोरङ्ग | २४ | २४ | ४८ | ७३४ | १,६८६ | ४ | २,४२४ | ३०.२८ | ६९.५५ | ०.१७ |
| २ | चितवन | २१ | १७ | ३८ | ५८८ | १,१५० | ४८ | १,७८६ | ३२.९२ | ६४.३९ | २.६९ |
| ३ | कास्की | २१ | २३ | ४४ | १,२५५ | १,१५८ | ४० | २,४५३ | ५१.१६ | ४७.२१ | १.६३ |
| ४ | बाँके | १४ | २४ | ३८ | ८०७ | १,११२ | – | १,९१९ | ४२.०५ | ५७.९५ | – |
| ५ | कैलाली | २० | २० | ४० | ५७६ | १,४५५ | १४ | २,०४५ | २८.१७ | ७१.१५ | ०.६८ |
| ६ | इलाम | १३ | १५ | २८ | ५९८ | ९६० | १ | १,५५९ | ३८.३६ | ६१.५८ | ०.०६ |
| ७ | जनकपुर | १५ | १२ | २७ | ४६४ | ९९४ | १ | १,४५९ | ३१.८० | ६८.१३ | ०.०७ |
| ८ | जुम्ला | ९ | १५ | २४ | ३१५ | १,०५६ | – | १,३७१ | २२.९८ | ७७.०२ | – |
| | जम्मा | १३७ | १५० | २८७ | ५,३३७ | ९,५७१ | १०८ | १५,०१६ | ३५.५४ | ६३.७४ | ०.७२ |

## ९. कार्यक्रमको एक झलक












## विस्तृत जानकारीको लागि

**नेपाल कानून समाज**

अनामनगर, काठमाण्डौ, नेपाल
फोन : ४२६६७३५,
फ्याक्स : ४२२८४९७,
पो.ब. नं.१३२११
इमेल : nls@wlink.com.np
वेब-साइट : ww.nls.org.np

**इन्टरनेसनल आइडिया/नेपाल**

झम्सिखेल-३, ललितपुर, नेपाल
फोन: ५५२२३३५,
फ्याक्स: ५५३५२५२
इमेल : info-nepal@idea.int
वेब-साइट : www.idea.int

**एसपीसीबीएन/यूएनडीपी**

कर्मचारी सञ्चयकोष बिल्डिङ्ग
चौथो तल्ला, हरिहरभवन, ललितपुर
फोन नं. ५०१००६०, ५०१००५८
फ्याक्स: ५०१००८१
वेभ-साइट : www.ccd.org.np